**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 15.09.2025

अवकाशप्राप्त राज्य अभियन्ता सङ्गठन (सिविल) ले सिक्किम सरकारमा कार्यरत अभियन्ताहरूको समूहसितको सहकार्यमा आज राजधानी गान्तोकमा पहिलोपल्ट राष्ट्रीय अभियन्ता दिवस अर्थात् इन्जिनियर्स डे पालन गऱ्यो। कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथि रहनुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री तामाङले राज्यमा पहिलोपल्ट राष्ट्रीय अभियन्ता दिवस पालन गरिएकोमा खुशी व्यक्त गर्दै राज्य अनि देशका सबै अभियन्तालाई बधाई तथा शुभकामना दिनुभयो। मुख्यमन्त्रीले अभियन्ताहरूलाई साँचो अर्थमा देश निर्माणका शिल्पकार बताउनुभयो। उहाँले युवा अभियन्ताहरूलाई प्रोत्साहित गर्दै वरिष्ठ अभियन्ताहरूबाट सिकेर अनि सरकारबाट प्राप्त सुविधा र मञ्चको प्रयोग गरेर उदाहरणीय कार्य गर्ने सुझाउ दिनुभयो। सरकारले अभियन्ताहरूका समस्याहरूलाई समाधान गर्ने दिशामा काम गरिरहेको पनि मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा बताउनुभयो। कार्यक्रममा राज्यका अभियन्ताहरूले हासिल गरेका पूर्वाधार विकाससम्बन्धी छोटो वृत्तचित्र प्रस्तुत गरिएको थियो। साथै राज्यका वरिष्ठ अभियन्ताहरूलाई अभिनन्दन पनि जनाइएको थियो। कार्यक्रममा राज्य मन्त्रीमण्डलका सदस्यगण, विधायकगण, अध्यक्ष, सल्लाहकार र ओएसडीहरू लगायत अन्य गन्यमान्य व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। मोदी सरकारले स्वच्छ भारत अभियान मार्फत प्रत्येक नागरिकको जीवनमा आमूल परिवर्तन ल्याएको छ। प्रस्तुत छ, "सेवा पर्व" अन्तर्गत स्वच्छ भारत अभियान.....

सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालय अन्तर्गत कोलकाताका निर्देशक डा. ललित नारायणको संरक्षण अनि सिक्किम सरकारको शिक्षा विभागसँगको सहकार्यमा, समग्र क्षेत्रीय केन्द्र (सीआरसी) सिक्किमले आज नाम्चीमा विकसित भारत २०४७ मा दिव्याङ्गजनलाई समावेश गर्ने विषयवस्तुको साथ पर्पल फेयर २०२५ आयोजना गऱ्यो। कार्यक्रममा नाम्ची जिल्लाकी जिल्ला अध्यक्ष अन्जीता राजलिम प्रमुख अतिथिको रूपमा उपस्थित हुनुभयो। कार्यक्रममा १५० दिव्याङ्गजनहरूले भाग लिएका थिए। सहभागीहरूले चित्रकला, गायन, नृत्य जस्ता असाधारण प्रतिभा प्रदर्शन गरेका थिए। कार्यक्रममा नाम्चीका अतिरिक्त जिल्लापाल सुभाष घिमिरे, , सीआरसी सिक्किमका निर्देशक पुष्पांजली गुप्ता, पत्र सूचना कार्यालय अनि आकाशवाणी, गान्तोकका सहायक निर्देशक, मानस प्रतिमा शर्मा, सीआरसी सिक्किमका कर्मचारीहरू, विशेष शिक्षाका अभिभावकहरू र शिक्षकहरू, केन्द्र अनि राज्य सरकारका कर्मचारीहरूको बाक्लो उपस्थिति रहेको थियो।

जिल्ला विपद् व्यवस्थापन प्राधिकरण (डीडीएमए), गान्तोकले सेप्टेम्बर १८, २०११ को विनाशकारी भूकम्पको सम्झनामा आज विपद् पूर्व जोखिम न्यूनीकरण दिवस मनायो। कार्यक्रममा क्षेत्रीय विधायक तथा शहरी विकास तथा खाद्य नागरिक आपूर्ति विभागका सल्लाहकार डिले नामग्याल बरफुङपा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। उत्सवको एक भागको रूपमा जिरो प्वाइन्टदेखि एमजी मार्गसम्म एक जागरूकता ऱ्याली निकालिएको थियो। ऱ्यालीको उद्देश्य जनतामा विपद् पूर्व तयारी बारे जागरूकता फैलाउनु रहेको थियो। कार्यक्रममा बोल्दै, प्रमुख अतिथिले सामुदायिक सुरक्षा सुनिश्चित गर्न तयारी र सतर्कताको महत्त्वमा जोड दिनुभयो। कार्यक्रममा गान्तोक नगरपालिकाका उपमेयर, पार्षदहरू लगायत अन्य व्यक्तिहरूको सहभागिता रहेको थियो।

प्रजनन तथा बाल स्वास्थ्य (RCH) कार्यक्रम अन्तर्गत गान्तोकको STNM अस्पतालमा गत ८ देखि १२ सेप्टेम्बरमा नवजात शिशु तथा बाल्यकालमा लाग्ने रोगहरूको व्यवस्थापनसम्बन्धी पाँच दिने तालिम सञ्चालन गरियो। कार्यक्रमले स्वास्थ्यकर्मीहरूलाई उनीहरूको ज्ञान र चिकित्सकीय सीपहरूलाई सुदृढ पार्दै बिरामी नवजात शिशु र पाँच वर्ष मुनिका बालबालिकाहरूको व्यवस्थापनमा सुधार गरेर बाल मृत्युदर र रोग घटाउने लक्ष्य राखेको छ।